आज मिति २०८३।०१।०८ गते मंगलवारका दिन यस सबैला नगरपालिकाका नगरप्रमुख श्री कारीराम यादवज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसियो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री कारीराम यादव | | |
| २ | उप प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | सदस्य | श्री मिथिला साह | | |
| ४ | सदस्य | श्री मुकेश कुमार पुर्वे सुडी | | |
| ५ | सदस्य | श्री ताहिर मिया | | |
| ६ | सदस्य | श्री सत्यनारायण यादव | | |
| ७ | सदस्य | श्री गंगाराम यादव | | |
| ८ | सदस्य | श्री श्रीपुजन यादव | | |
| ९ | सदस्य | श्री रामदेव सहनी | | |
| १० | सदस्य | श्री सेराजुल राईन | | |
| ११ | सदस्य | श्री मनिप कुमार राय | | |
| १२ | सदस्य | श्री राजकुमार साह | | |
| १३ | सदस्य | श्री सरोज कुमार यादव | | |
| १४ | सदस्य | श्री रामनारायण अधिकारी | | |
| १५ | सदस्य | श्री देवनारायण महतो | | |
| १६ | सदस्य | श्री वैद्यनाथ महतो सुडी | | |
| १७ | सदस्य | श्री लखिचन्द्र दास | | |
| १८ | सदस्य | श्री अनिता देवी यादव | अनिता | |
| १९ | सदस्य | श्री निर्मला परियार | | |
| २० | सदस्य | श्री सिता देवी यादव | सिता | |
| २१ | सदस्य | श्री रिंकी कुमारी महरा | Rinki | |
| २२ | सदस्य | श्री ललिता देवी कापर | | |
| २३ | सदस्य | श्री सकिला खातुन | | |
| २४ | सदस्य सचिव | श्री खिम बहादुर भुजेल | | |

आमन्त्रित :

प्रस्तावः-
१. बिशेष नगरसभा सम्बन्धमा ।
२. भुक्तानी हुन बाँकी योजना सम्बन्धमा।
३. घरभाडा सम्झौता तथा भुक्तानी सम्बन्धमा ।
४. बृद्धा आश्रम सञ्चालनका लागि सिफारिस सम्बन्धमा ।
५. संघ संस्था सञ्चालनका लागि सिफारिस सम्बन्धमा ।
६. पुनरबहाली सम्बन्धमा ।
७ भर्ना अभियान र नयाँ शैक्षिक सत्र शुरुवात सम्बन्धमा ।
८ श्री मदन आश्रित आधारभूत विद्यालय सबैला १ को वि. व्य. समिति सम्बन्धमा।
९ योजना संसोधन तथा ठेक्का रद्ध गर्ने सम्बन्धमा ।
१० ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला प्रयोग नगर्ने ।
११ योजना माँग गर्ने सम्बन्धमा ।
१२ आर्थिक सहायता सम्बन्धमा ।
१३ अपताल सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं १ माथि छलफल गर्दा बिगत नगरसभावाट स्वीकृत योजनाहरु मध्ये केही योजनाहरु कार्यान्वयन हुन सक्ने अवस्था नभएको तथा योजना उदेश्यमुलक नभएकाले विशेष अधिवेशनवाट संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा नेपाल सरकारको निर्देशन अनुसार १४ औ र १८ औ संसोधन अनुसारको प्रकृया तथा नियमानुसार मिल्ने भए प्रकृया पुरागरी भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा हाल सञ्चालनमा रहेका नगरकार्यपालिकाको कार्यालय विगत २ बर्ष देखि सम्झौता अनुसार सञ्चालमा रहि २०८२ श्रावण देखि सम्झौताको म्याद सकिएपनि उत कार्यालय हाल सम्म सञ्चालमा रहेको तथा नगरपालिकाको आफ्नो भवन समेत नभएको अवस्थामा सो घर धनी सँग १ बर्षको लागि म्याद थप गरिदिने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा प्रस्तावित बृद्धा आश्रम सञ्चालनका लागि नेपाल सरकारले तोकिएको मापदण्ड पुरा गरेको तथा कार्य योजना पेश भए पछि अध्ययन गरी मात्र सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा पेश भएका संघ संस्था जातिय धर्म सँग सिमित सिमा तथा कार्यक्षेत्र भएकाले पेश भएको दस्ताबेज अध्ययन गरी मात्र सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाको पशु स्वास्थ्य स्वास्थ्य अन्तर्गत एक गाउँ एक प्राविधिक तर्फ कार्यरत राजकिशोर सल्हैता कार्यालयको कामका शिलशिलामा अख्तियार दुरुपयोग आयोगको कारबाही प्रकृयामा परि निलम्बित रहेकोमा निज दोषि नभएको भनि सफाई पाएकाले निजको विगतको कार्य सम्पादन सन्तोषजनक भएकाले निजलाई पुनरबहाली गरी काम काजमा लगाउने निर्णय गरियो ।

प्रस्ताव नं ७ माथि छलफल गर्दा नेपाल सरकारको निर्देशन अनुसार भर्ना अभियान र नयाँ शैक्षिक सत्र शुरुवात वैशाख १५ गते देखि सञ्चालन गर्ने भनिएकोमा यस नगरपालिका भित्रका कतिपय निजि विद्यालयले निर्देशनलाई अव्यज्ञा गरेको देखिएकाले त्यस्ता निजि विद्यालयलाई नियमानुसार कारवाई गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ८ माथि छलफल गर्दा मिति २०८२।०९।१६ को कार्यपालिका वैठक निर्णय नं. ३ का सम्बन्धमा नगर शिक्षा समितिको मिति २०८२।१२।०२ को वैठक निर्णयबाट उक्त विद्यालयको मिति २०८२।०८।२३ को अभिभावक भेलाबाट गठित विद्यालय व्यवस्थापन समिति विधिसम्मत देखिएको बेहोरा कार्यपालिका समक्ष सिफारिस भई आएकाले उक्त विद्यालयको व्यवस्थापन समितिलाई आधिकारिकता प्रदान गर्ने।

प्रस्ताव नं ९ माथि छलफल गर्दा देहाय बमोजिमको योजनाहरुको देहायका कारण योजना संसोधन गर्ने तथा ठेक्का रद्ध गरी पुन: ठेक्का गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्रकृया रद गर्नु पर्ने कारण |
|---|---|---|---|
| १. | स्वास्थ्यचौकी निर्माण सवैला ५ | SM/Works/NCB/09/081-082 | ठेकेदार सम्झौता गर्न नआएकाले रद गरी पुन: ठेक्का गर्ने |

प्रस्ताव नं १० माथि छलफल गर्दा 40 माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला प्रयोग नगर्ने सम्बन्धमा छलफल गर्दा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/१०/१७ गतेको निर्णयबाट प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८' स्वीकृत भई कार्यान्वयनमा रहेको छ । साथै, चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नं. ११८ मा समेत प्लास्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा संवत् २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी रोक लगाइए अनुरुप यस नगरपालिकामा पनि 40 माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री वितरण प्रयोग नगर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

सो को अनुगमन तथा मुल्यांकनको लागी तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

उप प्रमुख - श्री रहिमा खातुन संयोजक
वडा अध्यक्ष - मनिष कुमार राय सदस्य
वडा सदस्य - मुकेश कुमार पूर्वे सदस्य
वडा सदस्य - सरोज कुमार यादव सदस्य
विपद् व्यवस्थापन शाखा प्रमुख - बिश्वास लाल कर्ण सदस्य सचिव

प्रस्ताव नं ११ माथि छलफल गर्दा नगरपालिकाको प्राप्त बजेटबाट नगरपालिकाको समग्र विकास गर्न असज भै रहदा अगामी आ. व. २०८३/०८४ मा मधेश प्रदेश सरकारबाट स्थानीय तहलाई प्रप्त हुने सशर्त अनुदान समपुरक अनुदान तथा बिशेष अनुदान तर्फ तपसिलका योजनाहरु माँग गर्ने निर्णय गरियो ।

**तपसिल -**

**सशर्त अनुदान तर्फ -**

१. घारनाथ खोलाको सरसफाई व्यवस्थापन तथा सौन्दर्यकरण गर्ने कार्य - जम्मा रु ३ करोड मात्र ।

२. वडा नं. ७ को नहर देखी विरेन्द्र बजार महिनाथपुर जाने बाटो सम्म नाला तथा कालोपत्रे सडक निर्माण - जम्मा रु ३ करोड मात्र ।

३ वडा नं ११ मा विभिन्न पूर्वाधार निर्माण रु १ करोड ।

**समपुरक तर्फबाट -**

१. वडा नं. ११ को ईनर्वा गाँउमा चापाकल जडान ५० लाख

२. वडा नं. ११ को ईनर्वा वा वडा नं. ५ को मखनाहा गाँउमा खानेपानीको लागी ओभरहेड ट्याङ्की निर्माण - जम्मा रु १ करोड मात्र ।

**विशेष अनुदान तर्फ -**

१. विपन्न दलित तथा अपाङ्ग बालवालिकाहरुको लागि शैक्षिक उपलव्धि स्तरवृद्धि गर्न थप सहयोगमा कक्षा संचालन गर्न र शैक्षिक सामाग्री व्यवस्थापन समेत - जम्मा रु २५ लाख मात्र ।

२. स्वास्थ्य सेवामा शीघ्र उपचार सहजताका लागि एम्वुलेन्स खरिद तथा व्यवस्थापन रु २५ लाख ।

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यपालिका सदस्य श्री बैद्यनाथ महतो सुडीलाई एक्कासी हृद्यघात भई निज लामो समय देखि सघन उपचारमा रहेका कारण ठुलो धनराशि खर्च भएकाले निजलाई थप उपचारका लागि यस नगरपालिकावाट रु १०००००।एक लाख मात्र सहयोग गर्ने निर्णय गरियो ।साथै यस नगरपालिकाको वडा नं ९ मा बस्ने मुखवा राय अमातको आर्थिक अवस्था कमजोर भएको तर निजलाई दिर्घ रोग लागि परिवार चलाउन अति नै कठिनाई भएकाले वडाको सिफारिसको आधारमा रु २००००। आर्थिक सहायता दिने निर्णय गरियो ।

प्रस्ताव नं १३ माथि छलफल गर्दा सवैला प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ बेडको अस्पताल सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार तथा जनशति व्यवस्थापन गरी सवैला नगर अस्पताल कायम गर्ने निर्णय गरियो ।

* प्रस्ताव नं. ०८, निर्णय नं. ०८ बाहेक मेरो सहमति छ । सिता